सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २४१ ♦ २०८३ साल वैशाख २५ शुक्रवार ♦ 8 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# खेतीपाती सुरु भएसँगै मधेशमा फेरि रासायनिक मल अभाव

**खबर दर्पण समाचारदाता**

**वैशाख २४ गते, बर्दिवास**



खेतीपातीको समय सुरु भएसँगै मधेश प्रदेशमा फेरि रासायनिक मलको अभाव देखिएको छ। मकै, चैते धान र उखु खेतीका लागि आवश्यक डीएपी र युरिया मल समयमै उपलब्ध नभएपछि किसान चिन्तित बनेका छन्।

मुलुकको प्रमुख अन्न भण्डार मानिने मधेश प्रदेशमा धान, गहुँ, मकै, उखु तथा तरकारी उत्पादनमा मलको महत्वपूर्ण भूमिका रहने भए पनि अभावका कारण खेती प्रणाली प्रभावित हुने अवस्था देखिएको किसानहरूले बताएका छन्। आवश्यक मल, सिँचाइ र उन्नत बीउको अभावले उत्पादन घट्दै गएको उनीहरूको भनाइ छ। धनुषाका किसान रामप्रसाद साहले सरकारले कृषि उत्पादन र आत्मनिर्भरताको नारा दिए पनि व्यवहारमा किसानलाई आवश्यक सेवा उपलब्ध गराउन नसकेको बताए। उनका अनुसार अहिले अधिकांश किसान मकैबालीमा मल हाल्ने तयारीमा छन् भने केही सातापछि धान रोपाइँको समय सुरु हुँदैछ।

सरकारी अनुदानको मल पर्याप्त मात्रामा उपलब्ध नभएपछि किसान निजी बजारबाट महँगो मूल्यमा मल खरिद गर्न बाध्य भएका छन्। सर्लाहीको नवलपुरका किसान अशोक झाले सरकारी बिक्री केन्द्रमा मल नपाइएपछि निजी व्यापारीको भर पर्नुपरेको र त्यहाँ चर्को मूल्य असुल भइरहेको गुनासो गरे।

"उखु रोप्ने बेला भइसक्यो तर मल पाइएन," उनले भने, "सरकारी गोदाम खाली छ, निजी पसलमा महँगोमा बिक्री भइरहेको छ।"

धनुषाको नगराइन नगरपालिका निवासी ज्योतिष चन्द्र झाले विगतमा सीमावर्ती क्षेत्रबाट भारतबाट मल ल्याएर केही राहत मिल्ने गरे पनि अहिले सीमा क्षेत्रमा कडाइ बढेपछि समस्या झन् चर्किएको बताए। किसानहरूका अनुसार धान, गहुँ र मकैजस्ता बालीमा आवश्यक मात्रामा मल प्रयोग गर्न नसक्दा उत्पादन आधासम्म घट्न सक्ने अवस्था छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेशका बाली विकास अधिकृत रविन बस्नेतले मागअनुसार मल आपूर्ति हुन नसक्दा समस्या उत्पन्न भएको बताए। उनका अनुसार प्रदेश सरकारसँग आफैं मल खरिद गर्ने व्यवस्था नभएकाले संघीय सरकार मातहतका साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीमार्फत आपूर्ति हुने गरेको छ।

"आपूर्ति बढाउन पटक-पटक माग गरिए पनि पर्याप्त मल उपलब्ध हुन सकेको छैन," उनले भने। उनका अनुसार संघीय मन्त्रालयले वैकल्पिक उपाय अपनाउन निर्देशन दिएकाले जैविक मल तथा वैकल्पिक पोषण व्यवस्थापनतर्फ किसानलाई प्रोत्साहन गर्ने तयारी भइरहेको छ।

कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश वीरगञ्जका सूचना अधिकारी दिनेश शर्माले मधेश प्रदेश मात्रै नभई देशभर मागअनुसार मल आयात हुन नसक्दा समस्या गम्भीर बनेको बताए। उनका अनुसार नेपाललाई वार्षिक रूपमा करिब १७ देखि १८ लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्ने भए पनि सरकारले तीनदेखि चार लाख मेट्रिक टन मात्र आयात गर्दै आएको छ।

उनले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि, ढुवानी लागत तथा खरिद प्रक्रियामा हुने ढिलाइका कारण यस वर्ष मल आपूर्ति प्रभावित भएको बताए।

कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय जनकपुरधामको साउन १ गतेदेखि चैत ३० गतेसम्मको तथ्यांक अनुसार हाल कार्यालयमा युरिया २७ हजार ४३१ मेट्रिक टन, डीएपी १० हजार २१५ मेट्रिक टन, पोटास ४ हजार ७५८ मेट्रिक टन तथा चुन ५२ मेट्रिक टनसहित अन्य मल गरी कुल ४२ हजार ६२८ मेट्रिक टन मौज्दात रहेको उल्लेख छ ।

# धनुषा प्रहरी अढाइ सातादेखि प्रमुखविहीन

जिल्ला प्रहरी कार्यालय धनुषा करिब अढाइ सातादेखि प्रमुखविहीन बनेको छ । धनुषा जिल्लाको शान्ति सुरक्षाको जिम्मेवारी बोक्ने निकाय रहेको जिल्ला प्रहरी कार्यालय अहिले करिब १८ दिनदेखि प्रमुखविहीन हुँदा बाहिरी तथा आन्तरिक कामकारबाही प्रभावित हुँदै आएको छ ।

केन्द्रीय सरकार फेरबदल भएसंगै विभिन्न जिल्लाका कमान सम्हाल्दै आएका प्रहरी उपरीक्षकएसपी) समेत रहेका प्रमुखहरुको सरुवा भएको थियो । तर सो अनुसार धनुषा जिल्लामा भने जिल्ला प्रहरी कार्यालयका प्रमुखको सरुवा भएन । प्रहरी अधिकारीहरुको सरुवा बढुवा भएको केही महिना नबित्दै मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका डीआइजीसमेत विवादमा तानिए ।

उच्च प्रहरी अधिकारीसमेत बिचौलियाहरुसंगको मिलेमतोमा मोटो कमिसन खाने गरेको मोबाइल संवादसहितको क्लीप बाहिरिएपछि प्रहरीहरुबीच नै हड्कम्प मचेको थियो । जस अनुसार सो घटनामा संलग्न रहेको आरोपमा सादा पोशाकमा लामो समयदेखि कार्यरत प्रहरी अधिकारीसमेत निलम्बनमा परेका छन् भने सो घटनामा प्रदेश प्रहरीका डीआइजी गोविन्द थपलियासमेत मुछिएका थिए । अहिले उनी पनि केही दिनदेखि प्रदेश प्रहरी कार्यालयमा हाजिर भएका छैनन् ।

-खबर दर्पण

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

खबर दर्पण
राष्ट्रिय दैनिक



# आर्गेनिक खेतीतर्फ महोत्तरीका किसानको बढ्दो आकर्षण

अजयकुमार साह

**वैशाख २४ गते, बर्दिवास**

महोत्तरी जिल्लाको उत्तरवर्ती क्षेत्रमा किसानहरू आर्गेनिक खेतीतर्फ आकर्षित हुन थालेका छन्। सघन तरकारी खेती हुने बर्दिवास, गौशाला, औरही, रामगोपालपुर र भंगहा नगर पालिकाका दर्जनौं गाउँबस्तीका किसानले विषादी र रासायनिक मलको प्रयोग घटाउँदै प्राङ्गारिक खेतीलाई प्राथमिकता दिन थालेका हुन्।

तरकारी, तेलहन र उखुजस्ता नगदेबाली उत्पादन हुने यस क्षेत्रमा परम्परागत खनजोत र प्राङ्गारिक मलको प्रयोगबाटै सन्तोषजनक उत्पादन हुन थालेको किसानहरूको भनाइ छ। विषादीयुक्त तरकारीले जनस्वास्थ्यमा नकारात्मक असर पार्न थालेपछि आफूहरूले यसको प्रयोग छाडेको गौशाला-३ नवराजपुरका किसान दिपेन्द्र महतोले बताउनुभयो।

किसानका अनुसार झारपतिङ्गर, घरायसी फोहोर, ढैंचा तथा गाईवस्तुको गोबर र बाखाको लेरी प्रयोग गरी सजिलै प्राङ्गारिक मल तयार गर्न सकिन्छ। यस्तो मलले माटोको उर्वराशक्ति कायम राख्ने र वर्षेनी मलको मात्रा घटाउँदै लैजान सकिने भएकाले प्रभावकारी रहेको अर्का किसान रामबाबु महतोले जानकारी दिनुभयो।

रासायनिक मल अभाव, गुणस्तरमा अनिश्चितता र बढ्दो परनिर्भरता जस्ता समस्याबाट बच्न पनि किसान आर्गेनिक खेतीतर्फ उन्मुख भएको बताइएको छ। बालीमा लाग्ने रोग तथा किराको नियन्त्रणका लागि गाईको गहुँत, खरानी र पानी प्रयोग गर्ने विधि प्रभावकारी देखिएको बर्दिवास-१२ पशुपतिनगरका किसान अमृत महतो (भोला)ले बताउनुभयो।





किसानका अनुसार आर्गेनिक उत्पादन स्वादिलो हुनुका साथै उपभोक्ताको रोजाइमा पर्न थालेको छ। २०७६ साल देखि सुरु गरिएको यस अभ्यासमा प्रारम्भिक वर्ष उत्पादन केही कम भए पनि पछिल्ला वर्षमा उत्पादन क्रमशः वृद्धि हुँदै गएको उनीहरूको अनुभव छ।

आर्गेनिक उत्पादन बजारमा पुगेपछि तत्काल बिक्री हुने गरेको बर्दिवास-१० का किसान हरिबहादुर बलम्पाकीले बताउनुभयो। उपभोक्तासमेत आर्गेनिक उत्पादन चिन्न सक्ने भएका छन्। यस्ता उत्पादन प्राकृतिक आकार र रङ्का हुने भएकाले पहिचान गर्न सजिलो हुने बर्दिवास-१ की उपभोक्ता सरिता अधिकारीको भनाइ छ। यस क्षेत्रमा आर्गेनिक खेतीप्रति बढ्दो आकर्षणलाई राज्यले सहयोग गरे उत्पादनको गुणस्तर र बजार विस्तारमा थप टेवा पुग्ने सामाजिक सङ्घसंस्था, व्यवसायी तथा स्वास्थ्य क्षेत्रका विज्ञहरूले बताएका छन्।

यसैबीच, आर्गेनिक मलको कारोबार गर्दै आएका औरही-२ का दिनेश यादवका अनुसार पछिल्ला दुई वर्षयता किसानको आकर्षण बढेसँगै उत्तरी क्षेत्रमा आर्गेनिक मलको माग उल्लेख्य रूपमा बढेको छ।

कृषि प्राविधिक ममता घिमिरेका अनुसार प्रारम्भिक चरणमा लागत केही बढी लागे पनि क्रमशः मलको आवश्यकता घट्दै जाने भएकाले आर्गेनिक खेती दीर्घकालीन रूपमा कम लागत र लाभदायी हुने गर्छ। किसान र उपभोक्तामा यसको महत्वबारे चेतना बढ्दै जाँदा आर्गेनिक खेती विस्तार हुँदै गएको उहाँको भनाइ छ।




## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक


# खयरमारामा सुधारिएको गोठ निर्माण सुरु

**खबर दर्पण समाचारदाता**
**वैशाख २४ गते, बर्दिबास**

महोत्तरीको बर्दिबास नगर पालिका-११ खयरमारामा सुधारिएको गोठ निर्माण कार्य सुरु गरिएको छ। ग्रामीण महिला किसानको जीविकोपार्जन सुधार तथा कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

बर्दिवास नगर पालिकाका नगर प्रमु ख प्रह्लाद कुमार क्षेत्रीको पहल र निरन्तर प्रयासमा संघीय सरकारको गाई-भैंसी पालन स्रोत केन्द्रअन्तर्गत रु ५ लाख ५० हजार बराबरको अनुदान सहयोगमा कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

कार्यक्रम अन्तर्गत सरस्वती महिला कृषक समूह मा आबद्ध २१ जना महिला किसानलाई प्रत्येकका लागि दुईवटा पशु बस्न सक्ने क्षमता भएको सुधारिएको गोठ निर्माण गरिनेछ।

बर्दिवास नगरपालिका पशु विकास शाखाका पशु अधिकृत मोहन खड्का का अनुसार कार्यक्रममा पशुको जीवन बीमा, औषधि उपचार, खोप तथा पशुपालन सम्बन्धी एकदिने तालिमको समेत व्यवस्था गरिएको छ।

सुधारिएको गोठ निर्माणकार्यको अनुगमनगर्दै नगर प्रमुख क्षेत्रीले महिला सशक्तीकरण, कृषि उत्पादकत्व वृद्धि तथा दिगो जीविकोपार्जन व्यवस्थापनमार्फत कृषकको जीवनस्तर सुधार गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको बताए।

उनले गोठ सुधार कार्यक्रममार्फत ग्रामीण विपन्न महिला कृषकलाई आत्मनिर्भर बनाउँदै अर्गानिक कृषि उत्पादन प्रवर्द्धन गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे। “खयरमारामा गोठ सुधारको माध्यमबाट कृषि उत्पादन वृद्धि गरी कृषकको जीवनस्तर सुधार गर्दै आत्मनिर्भरतर्फ उन्मुख गराउने हाम्रो लक्ष्य हो,” नगरप्रमुख क्षेत्रीले भने।

कार्यक्रमअन्तर्गत पक्की ढलानसहित गाई-भैंसीका लागि घाँस तथा पराल खाने स्थान, मुत्र संकलन प्रणाली लगायतका सुविधासहित दिगो गोठ निर्माण भइरहेको छ।

गोठ सुधार कार्यक्रमले कम्पोष्ट मल उत्पादनमा समेत टेवा पुग्ने तथा अर्गानिक खेती प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

गोठ सुधार अनुगमन कार्यक्रममा नगरपालिकाका उप प्रमुख तारादेवी महतो,प्रमुख प्रशाशकिय अधिकृत राममणि अधिकारी,पशु बिकास शाखा अधिकृत मोहन खड्का,कृषि बिकास शाखा अधिकृत साजन दहाल लगायतको उपस्थिती रहेको थियो।



त्यसैगरी महोत्तरीको बर्दिवास नगरपालिका-११ खयरमारामा ईन्द्रकाली महिला कृषक समूह गठन गरिएको छ। विपन्न महिलालाई कृषि, पशुपालन तथा विभिन्न आयआर्जनका कार्यक्रममार्फत आत्मनिर्भर बनाउने उद्देश्यसहित समूह गठन गरिएको हो।

समूह गठन कार्यक्रम बर्दिवास नगरपालिकाका नगरप्रमुख प्रह्लाद कुमार क्षेत्री को विशेष योजना, प्रयास र पहलमा सम्पन्न भएको ईन्द्रकाली महिला कृषक समूहकी अध्यक्ष नमिता कुमारी धानुकले जानकारी दिइन्।

समूह गठन कार्यक्रममा बोल्दै नगरप्रमुख प्रह्लाद कुमार क्षेत्री ले महिलालाई उत्पादन र उद्यमसँग जोडेर आर्थिक रूपमा सक्षम बनाउनु नगरपालिकाको अहिलेको प्रमुख लक्ष्य रहेको बताए। उनले कृषि र पशुपालनमार्फत ग्रामीण भेगका विपन्न महिलाको आयस्तर वृद्धि गर्दै आत्मनिर्भर बनाउने अभियानलाई निरन्तरता दिइने उल्लेख गरे।

नगरप्रमुख क्षेत्रीले ग्रामीण भेगका विपन्न महिलाहरुकालागि सशक्तिकरणका कार्यक्रमलाई केवल औपचारिकतामा सीमित नराखी व्यवहारिक र परिणाममुखी बनाइने भन्दै समूहमा आबद्ध महिलालाई मेहनत र एकताका साथ अघि बढ्न आग्रह गरे।


## डेंगी ज्वरो
DENGUE FEVER



**परिचय**
डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस्' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ ।

**लामखुट्टेले टोक्ने समय**
एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन् । विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**
एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ । खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोत्तल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो आदि स्थानहरुमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि ...

**लक्षणहरु**
यदि तपाईमा तल उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्था जानुहोला:

- एक्कासि ज्वरो आउने
- थकान महसुस हुने
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- वाकवाकी लाग्ने वा बान्ता हुने

यसका साथै बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षणहरू देखापर्नु डेंगीका जटिल अवस्था हुन ।

**मटिहानी नगरपालिका,**
**महोत्तरी**



नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६७।२।२९ मा दर्ता भएको **होटल होली भिजन प्राइभेट लिमिटेड** (प्रा.ली.नं. ८२९७२) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**गौशाला नगरपालिका,**
**महोत्तरी**



## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।



–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।



**रामगोपालपुर नगरपालिका,**
**महोत्तरी**

# समायोजन प्रक्रियापछि मात्रै सरकार बारे निर्णय गर्ने जसपा नेपालको संकेत

**खबर दर्पण समाचारदाता**
**वैशाख २४ गते, बर्दिवास**



मधेश प्रदेश सरकारबारे निर्णय गर्न जनता समाजवादी पार्टी (जसपा) नेपालका शीर्ष नेताहरू छलफलमा जुटेका छन्। जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेश सरकार संकटमा परेका बेला जसपा नेपालले समर्थन कायम राख्ने वा फिर्ता लिने विषयमा आन्तरिक परामर्श थालेको हो।

संविधानअनुसार ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने बाध्यता रहेकाले जसपा नेपालका नेताहरू निर्णयका लागि काठमाडौं पुगेका छन्। जनमत पार्टीले समर्थन फिर्ता लिएलगत्तै जसपा नेपालले पनि समर्थन फिर्ता लिन सक्ने चर्चा चलेपछि पार्टीले 'पर्ख र हेर'को रणनीति अपनाउँदै छलफल अघि बढाएको बताइएको छ।

पार्टी स्रोतका अनुसार मधेश प्रदेशका पूर्वमुख्यमन्त्रीहरू लालबाबु राउत, सरोजकुमार यादव र जितेन्द्र सोनलसहितका नेताहरूले बिहीबार बालकुमारी स्थित पार्टी कार्यालयमा प्रदेश सरकारको अवस्थाबारे छलफल गरेका छन्। छलफलमा पूर्वअर्थमन्त्री शैलेन्द्रप्रसाद साह तथा पूर्वराज्यमन्त्री सुरेशकुमार मण्डल पनि सहभागी थिए।

जसपा नेपाल र तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीचको समायोजन प्रक्रिया अझै पूरा नभएकाले उक्त प्रक्रिया सकिएपछि मात्रै सरकारबारे औपचारिक निर्णय गर्ने निष्कर्षमा पार्टी पुगेको स्रोतले जनाएको छ। एमालेले समेत सरकार नेतृत्वमा दाबी गर्न थालेपछि जसपा नेपालले तत्काल निर्णय नगरी परिस्थितिको मूल्यांकन गरिरहेको बताइएको छ।

समायोजन प्रक्रिया पूरा भएपछि जसपा नेपाल प्रदेशसभामा सबैभन्दा ठूलो दल बन्ने दाबी पार्टीको छ। यही सन्दर्भमा जसपा नेपाल र लोसपाका पदाधिकारीहरू बिहीबार निर्वाचन आयोग पुगेर समायोजन प्रक्रियाबारे जानकारी लिएका थिए।

हाल प्रदेशसभामा तत्कालीन जसपा नेपालका १९ र लोसपाका आठ गरी कुल २७ सांसद रहेका छन्। यद्यपि दुवै दलका एक-एक सांसद निलम्बनमा रहेका तथा जसपाका एक सांसद सभामुख भएकाले एकीकृत दलको प्रभावकारी संख्या २५ रहनेछ।

जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मधेश प्रदेश सरकार अल्पमतमा पर्ने अवस्था सिर्जना भएको छ। यस्तो अवस्थामा जसपा नेपालको निर्णय निर्णायक मानिएको छ।

प्रदेशसभामा हाल १०० सदस्य रहेका छन्। नयाँ सरकार गठनका लागि ५१ सांसदको समर्थन आवश्यक पर्छ। चर्चामा रहेको सम्भावित नयाँ समीकरण अनुसार एमालेका २४, जसपा नेपालका १८, लोसपाका आठ र जनमत पार्टीका १२ सांसदसहित ६२ सिट पुग्ने अनुमान गरिएको छ।

# बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग नगर्न प्रशासनको चेतावनी

**खबर दर्पण समाचारदाता**
**वैशाख २४ गते, बर्दिवास**

जिल्ला प्रशासन कार्यालय महोत्तरीले बालबालिकालाई राजनीतिक गतिविधिमा संलग्न नगराउन राजनीतिक दल तथा विभिन्न समूहलाई चेतावनी दिएको छ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवद्वारा जारी सूचनामा आन्दोलन, बन्द, हड्ताल, चक्काजाम, धर्ना तथा जुलुसजस्ता गतिविधिमा बालबालिकाको प्रयोग नगर्न आग्रह गरिएको छ।

प्रशासनले पछिल्लो समय विभिन्न राजनीतिक दल, समूह वा सङ्गठनले आफ्ना राजनीतिक अभिष्ट पूरा गर्न बालबालिकालाई संगठित गरी आन्दोलन तथा प्रदर्शनमा प्रयोग गर्न सक्ने सम्भावनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सूचनामा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ उपदफा (२) को खण्ड (छ) अनुसार बालबालिकालाई कुनै पनि प्रकारका राजनीतिक प्रयोजनका लागि प्रयोग गर्नु वा संलग्न गराउनु बालबालिकाविरुद्धको कसुर मानिने उल्लेख गरिएको छ। प्रशासनले कुनै पनि राजनीतिक दल वा समूहलाई आफ्नो स्वार्थ पूर्तिका लागि बालबालिकाको कोमल मनोविज्ञान र भविष्यसँग खेलबाड नगर्न सचेत गराएको छ।

सूचनाको अवज्ञा गर्दै बालबालिकालाई राजनीतिक गतिविधिमा परिचालन गरेको पाइएमा संलग्न व्यक्ति वा पक्षलाई बालबालिका सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने प्रशासनले जनाएको छ।


**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"
**मिथिला नगरपालिका, धनुषा**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन्।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो। आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं।

अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा, जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,